राष्ट्रिय विधि विज्ञान प्रयोगशाला
विकास समिति
२०५२

# राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति

खुमलटार, ललितपुर

(फोन नं. ५९२०९२७/५२५३०४९)

## खुला तथा आन्तरिक प्रतियोगिताद्धारा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८३।०२।१५)

लोक सेवा आयोगको सहमति अनुसार लिखित परीक्षा आयोगबाटै संचालन हुनेगरी यस प्रयोगशालामा रिक्त रहेका देहायका पदहरु खुला तथा समावेशी र आन्तरिक प्रतियोगितात्मक परीक्षाको माध्यमद्धारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट नेपाली नागरिकता र शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि स्वयं आफैले प्रमाणित गरी सो समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन भित्र रीतपूर्वक दरखास्त पेश गर्न आह्वान गरिएको छ। दरखास्त फाराम प्रयोगशालाको वेवसाइट **www.forensic.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। सम्बन्धित पद/तहको लागि तोकिएको परीक्षा दस्तुर कृषि विकास बैंक, सातदोबाटो, ललितपुर वा सो बैंकको कुनै बैंकिङ्ग कार्यालयबाट राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको खाता नं. ०२११८०१२४६०५७०१९ मा जम्मा गरी सोको सक्कल भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ। रीत नपुगेका र म्याद नाघी आएका दरखास्त माथि कुनै कारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ।

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | आवश्यक न्यूनतम शैक्षिक योग्यता / अनुभव | खुला तथा समावेशी/ आ.प्र. | माग संख्या | परीक्षा दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|
| १/०८२-८३ | मुख्य वैज्ञानिक | १० | प्राविधिक | - | मान्यता प्राप्त शिक्षण संस्थाबाट विधि विज्ञान/ रसायन विज्ञान/ भौतिक विज्ञान / जीव विज्ञान (वनस्पति वा प्राणीशास्त्र), वायोकेमेष्ट्रि, माइक्रोवायोलोजी, वायोटेक्नोलोजी, मोलिकुलर वायोलोजी वा जेनेटिक्समा स्नातकोत्तर तह उत्तीर्ण गरेको र कुनै सरकारी वा प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तरराष्ट्रिय सङ्घ संस्थामा विधि विज्ञानसँग सम्बन्धित विषयमा अधिकृत तहको पदमा सात वर्षको अनुभव प्राप्त गरेको। | खुला | १ | २,५००।- |
| २/०८२-८३ | वरिष्ठ वैज्ञानिक अधिकृत | ८ | प्राविधिक | रसायन विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट विधि विज्ञान वा रसायन विज्ञानमा स्नातकोत्तर तह उत्तीर्ण गरी सातौं तहको कार्यरत पदमा तोकिएको सेवा अवधि पुरा गरेको। | आ.प्र. | १ | २,०००।- |
| ३/०८२-८३ | सहायक वैज्ञानिक अधिकृत | ६ | प्राविधिक | रसायन विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट विधि विज्ञान वा रसायन विज्ञानमा स्नातकोत्तर तह उत्तीर्ण गरेको। | दलित | १ (पुनः) | १२००।- (समावेशी तर्फ समेत दरखास्त दिने उम्मेदवारको हकमा प्रति समावेशी समूहको लागि थप रु. ४००। - र सेवाका थप समूहहरुमा परीक्षा |
| ४/०८२-८३ | सहायक वैज्ञानिक अधिकृत | ६ | प्राविधिक | जीव विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट विधि विज्ञान, जीव विज्ञान, वायोकेमेष्ट्रि, माइक्रोवायोलोजी, वायोटेक्नोलोजी, मोलिकुलर वायोलोजी वा जेनेटिक्स मुख्य विषय लिई स्नातकोत्तर तह उत्तीर्ण गरेको। | मधेशी | १ | |

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला
विकास समिति
२०५२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५/०८२-८३ | सहायक वैज्ञानिक अधिकृत | ६ | प्राविधिक | भौतिक विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट विधि विज्ञान, रसायन विज्ञान वा भौतिक विज्ञान मुख्य विषय लिई स्नातकोत्तर तह उत्तीर्ण गरेको। | खुला | १ | दिनेको हकमा प्रत्येक समूहको पदको लागि थप रु. ४००।-) |
| ६/०८२-८३ | सहायक वैज्ञानिक अधिकृत | ६ | प्राविधिक | भौतिक विज्ञान | | दलित | १ | |
| ७/०८२-८३ | सहायक लेखा अधिकृत | ६ | प्रशासन | लेखा | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा अर्थशास्त्र वा तथ्याङ्कशास्त्र वा गणित मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। | खुला | १ | १२००।- |
| ८/०८२-८३ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | रसायन विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट विधि विज्ञान वा रसायन विज्ञान मुख्य विषय लिई स्नातक तह उत्तीर्ण गरेको। | खुला | १ | ७००।– (समावेशी तर्फ समेत दरखास्त दिने उम्मेदवारको हकमा प्रति समावेशी समूहको लागि थप रु.२००।- र सेवाका थप समूहहरुमा परीक्षा दिनेको हकमा प्रत्येक समूहको पदको लागि थप रु. २००।-) |
| ९/०८२-८३ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | रसायन विज्ञान | | आ.ज. | १ | |
| १०/०८२-८३ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | रसायन विज्ञान | | मधेशी | १ | |
| ११/०८२-८३ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | जीव विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट विधि विज्ञान, जीव विज्ञान, वायोकेमेष्ट्रि, माइक्रोवायोलोजी, वायोटेक्नोलोजी, मोलिकुलर वायोलोजी वा जेनेटिक्स मुख्य विषय लिई स्नातक तह उत्तीर्ण गरेको। | खुला | २ | |
| १२/०८२-८३ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | जीव विज्ञान | | महिला | १ | |
| १३/०८२-८३ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | जीव विज्ञान | | आ.ज. | १ | |
| १४/०८२-८३ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | भौतिक विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट विधि विज्ञान, रसायन विज्ञान वा भौतिक विज्ञान मुख्य विषय लिई स्नातक तह उत्तीर्ण गरेको। | खुला | १ | |
| १५/०८२-८३ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | भौतिक विज्ञान | | महिला | १ (पुन:) | |
| १६/०८२-८३ | वैज्ञानिक सहायक | ५ | प्राविधिक | भौतिक विज्ञान | | मधेशी | १ | |
| १७/०८२-८३ | प्रशासकीय सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। | आ.ज. | १ | ७००।– (समावेशी तर्फ समेत दरखास्त दिने उम्मेदवारको हकमा प्रति समावेशी समूहको लागि थप रु.२००।- र सेवाका थप समूहहरुमा परीक्षा दिनेको हकमा प्रत्येक समूहको पदको लागि थप रु. २००।-) |
| १८/०८२-८३ | लेखापाल | ५ | प्रशासन | लेखा | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा अर्थशास्त्र वा तथ्याङ्कशास्त्र वा गणित मूल विषय लिई १०+२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। | खुला | १ | |
| १९/०८२-८३ | लेखापाल | ५ | प्रशासन | लेखा | | आ.ज. | १ (पुन:) | |
| २०/०८२-८३ | प्रयोगशाला प्राविधिक | ४ | प्राविधिक | भौतिक विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान मूल विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। | खुला | १ | ५००।- |

**विज्ञापन सम्बन्धी विशेष सूचनाः** सम्मानित सर्वोच्च अदालतबाट रिट नं ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भएपश्चात सोही अनुसार पदपुर्ति गरिनेछ।

**परीक्षाको किसिमः** लिखित तथा अन्तर्वार्ता। परीक्षाको पाठ्यक्रम प्रयोगशालाको वेवसाइटमा हेर्न वा डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

**समकक्षता निर्धारण प्रमाणपत्रः** दरखास्त दिने उमेदवारले विदेशमा हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेश गर्नु पर्नेछ।

**उमेरको हदः** अधिकृत तहको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको एवं सहायक तहको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको)। दशौं तहको पदको हकमा ४५ वर्ष ननाघेको। प्रयोगशालामा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**तलव तथा अन्य सुविधाः** प्रयोगशालाको नियमानुसार।

**दरखास्त दिने अन्तिम मितिः** २०८३।०३।०४ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८३।०३।११ गतेसम्म।

दरखास्त पेश गर्ने अन्तिम दिन (दोब्बर दस्तुर बाहेक) सार्वजनिक बिदा परेमा सो पछि कार्यालय खुलेको दिन।

दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालीम, अनुभव तथा नोकरी अवधिको प्रयोजनको लागि गणना गरिने छैन।

लिखित परीक्षाको कार्यक्रम आयोगबाट प्राप्त भएपश्चात प्रयोगशालाको वेवसाइट तथा गोरखापत्रमा समेत प्रकाशन गरिनेछ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष जानकारी**

१. आदिवासी/जनजातिका हकमाः नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा वढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

२. मधेशीका हकमाः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

३. दलितका हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति २०५२

(सदस्य-सचिव)
पदपूर्ति समिति

# राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति

## खुमलटार, ललितपुर

### जेष्ठता र कार्यसम्पादन मूल्याँकन तथा कार्यक्षमता मूल्याँकन द्वारा हुने बढुवा सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति :२०८३।०२।१५)

लोक सेवा आयोगबाट प्राप्त सहमति अनुसार यस प्रयोगशालामा रिक्त पदहरु मध्ये तपसिलमा उल्लिखित पदहरुमा राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समितिको कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०८१ को नियम १० बमोजिम जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता मूल्याङ्कनको आधारमा हुने बढुवा द्वारा पूर्ति गर्नुपर्ने भएकोले २०८२ आषाढ मसान्त सम्ममा उक्त नियमावली बमोजिम सम्भाव्य उम्मेदवार हुन योग्यता पुगेका कर्मचारीहरुलाई यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र प्रयोगशालाको कार्यालय, खुमलटार, ललितपुरमा रीतपूर्वक दरखास्त पेश गर्नको लागि सूचित गरिन्छ। दरखास्त दस्तुर कृषि विकास बैंक, ललितपुरस्थित प्रयोगशालाको खाता नं. ०२११८०१२४६०५७०१९ मा जम्मा गरी सोको सक्कल भौचर समेत दरखास्त साथ पेश गर्नुपर्नेछ।

**तपसिल**

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद संख्या | बढुवाको किसिम | दरखास्त दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १/०८२-८३ | सहायक निर्देशक/ प्रमुख वैज्ञानिक अधिकृत | ९ | प्राविधिक | जीव विज्ञान | १ | कार्यक्षमता मूल्याङ्कन | २०००।- |
| २/०८२-८३ | सहायक निर्देशक/ प्रमुख वैज्ञानिक अधिकृत | ९ | प्राविधिक | भौतिक विज्ञान | १ | कार्यक्षमता मूल्याङ्कन | २०००।- |
| ३/०८२-८३ | सहायक निर्देशक/ प्रमुख प्रसाशकीय अधिकृत | ९ | प्रशासन | सामान्य प्रशासन | १ | कार्यक्षमता मूल्याङ्कन | २०००।- |
| ४/०८२-८३ | वैज्ञानिक अधिकृत | ७ | प्राविधिक | रसायन विज्ञान | २ | कार्यक्षमता मूल्याङ्कन | १२००।- |
| ५/०८२-८३ | वैज्ञानिक अधिकृत | ७ | प्राविधिक | रसायन विज्ञान | १ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १२००।- |
| ६/०८२-८३ | वैज्ञानिक अधिकृत | ७ | प्राविधिक | जीव विज्ञान | २ | कार्यक्षमता मूल्याङ्कन | १२००।- |
| ७/०८२-८३ | वैज्ञानिक अधिकृत | ७ | प्राविधिक | जीव विज्ञान | १ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १२००।- |
| ८/०८२-८३ | सहायक वैज्ञानिक अधिकृत | ६ | प्राविधिक | जीव विज्ञान | १ | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन | १२००।- |

(सदस्य-सचिव)

पदपूर्ति समिति